प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०७/०७


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको एकाउन्न प्रतिशत (५१.२६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढिरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १५३००८ (१००%) | ७८४४४ (१००%) |
| निको भएको | १०५४८८ (६८.९%) | ४९८३६ (६३.५%) |
| उपचाररत | ४६६९१ (३०.५%) | २८२२० (३५.९%) |
| मृत्यु भएको | ८२९ (०.५४%) | ३८८ (०.४९%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०७ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०७ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/०७

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्या:

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छ:

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | १२१ | ५३ | १७४ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | ४६ | १ | ४७ |

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्या:

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाण्डौ | ६ | ५ पुरुष र १ महिला |
| भक्तपुर | ५ | ४ पुरुष र १ महिला |
| चितवन | २ | १ पुरुष र १ महिला |
| जम्मा — १३ | | |

## ❖ गत २४ घण्टामा भएको निधनको विवरण:

- भोटेबहाल, काठमाण्डौका ७८ वर्षिय पुरुष निमोनिया र मुटुको समस्या भई असोज २९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ५ गते निधन भएको छ । उहाँको कार्तिक ४ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।) काठमाण्डौका ७५ वर्षिय पुरुष निमोनिया भई कार्तिक ६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ । उहाँको कार्तिक ३ गते कोभिड-१९ पुष्टि भएको थियो । बानेश्वर, काठमाण्डौका ५३ वर्षिय पुरुष निमोनिया र सेप्सिस भई कार्तिक २ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ६ गते निधन भएको छ। उहाँको कार्तिक २ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- काठमाण्डौकी ८० वर्षिया महिला निमोनिया भई कार्तिक ३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक ३ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मधुमेह र रक्तअल्पताको समेत बिरामी हुनुहुन्थ्यो।) काठमाण्डौका ५५ वर्षिय पुरुष निमोनिया, शक, मुटुको समस्या भई

असोज २५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ। उहाँको असोज २५ गते कोभिड-१९ पुष्टि भएको थियो । काठमाण्डौका ४८ वर्षिय पुरुष निमोनिया भई कार्तिक ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ६ गते निधन भएको छ । उहाँको कार्तिक ७ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- भक्तपुरका ७१ वर्षिय पुरुष कार्तिक ४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ५ गते निधन भएको छ । उहाँको कार्तिक ५ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचाप र युरिक एसिड समस्याको समेत बिरामी हुनुहुन्थ्यो।) चाँगुनारायण, भक्तपुरका ६२ वर्षिय पुरुष निमोनिया भई कार्तिक ३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ६ गते निधन भएको छ । उहाँको कार्तिक ३ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मधुमेह र कलेजो रोगको समेत बिरामी हुनुहुन्थ्यो।) मध्यपुर ठिमी, भक्तपुरका ७१ वर्षिय पुरुष कार्तिक ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ६ गते निधन भएको छ । उहाँको कार्तिक ६ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ दमको समेत बिरामी हुनुहुन्थ्यो।)

- भक्तपुरकी ४५ वर्षिया महिला निमोनिया भई असोज १० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज १० गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचापको समेत बिरामी हुनुहुन्थ्यो।) गठ्ठाघर, भक्तपुरका ७२ वर्षिय पुरुष कार्तिक ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ६ गते निधन भएको छ । उहाँको कार्तिक ६ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ दमको समेत बिरामी हुनुहुन्थ्यो।)

- रासी, चितवनकी ८४ वर्षिया महिला निमोनिया भई कार्तिक ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आजनिधन भएको छ । उहाँको कार्तिक ६ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।) भरतपुर, चितवनका ७० वर्षिय पुरुष निमोनिया भई कार्तिक २ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ। उहाँको कार्तिक २ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मृगौला रोग, उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।) उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७६१२ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २९७ जना बसिरहनुभएको छ भने १३५९ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४६३३ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७२५ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत

विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १८५४९ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १३८११७ जनाको पिसिआर परिक्षण गरिएको छ ।

- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | 1050 | 113 | 267 | 2666 | 2174 | 10501 | 53163 | 54240 | 2357 | |
| ललितपुर | 371 | 31 | 80 | 289 | 208 | 2894 | 11234 | 7609 | 236 | |
| भक्तपुर | 105 | 6 | 165 | 331 | 75 | 1719 | 11525 | 5024 | 127 | |
| रसुवा | 255 | 0 | 0 | 35 | 3 | 39 | 1340 | 74 | | |
| नुवाकोट | 549 | 2 | 16 | 45 | 21 | 184 | 5801 | 509 | 17 | |
| धादिङ | 315 | 0 | 18 | 155 | 53 | 438 | 5165 | 1066 | 16 | |
| चितवन | 2465 | 44 | 569 | 355 | 943* | 1072 | 15779 | 4067 | 149 | |
| सिन्धुली | 313 | 17 | 25 | 43 | 20 | 115 | 3675 | 351 | 28 | |
| मकवानपुर | 155 | 3 | 0 | 260 | 83 | 897 | 14539 | 2954 | 71 | |
| रामेछाप | 490 | 65 | 49 | 108 | 12 | 45 | 1479 | 331 | 20 | |
| दोलखा | 193 | 2 | 3 | 44 | 10 | 16 | 2307 | 258 | 22 | |
| काभ्रेपलान्चोक | 597 | 11 | 66 | 176 | 80 | 404 | 6505 | 1465 | 161 | |
| सिन्धुपाल्चोक | 754 | 3 | 101 | 126 | 43 | 135 | 5605 | 496 | 21 | |
| जम्मा | **7612** | **297** | **1359** | **4633** | **3725** | **18459** | **138117** | **78444** | **3225** | |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य:**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौंडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २९३२६ | २१५ | १३५ | २३ जनाः मकवानपुर-१७, धादिङ-२, बारा-१, झापा-१, फलोअप-२ | ११२ | |

धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**
**धन्यवाद !**

प्रवक्ता (सामाजिक बिकाश मन्त्रालय, बागमती प्रदेश )
डा. पुरुषोतम राज सेढाई